# सुरुङ्गा नगरपालिका
## मधुपट्टी, सप्तरी

# स्थानीय राजपत्र

**सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरीद्वारा प्रकाशित**

**खण्ड : १** **संख्या :** **२०७७ साल असोज २१ गते**


## भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले दिएको अधिकार प्रयोग गरी सुरुङ्गा नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा शिक्षक अभाव परिपूर्तिको लागि सेवा करारमा स्वयम्सेवक शिक्षक व्यवस्था गर्न नगर कार्यपालिकाको मिति २०७७/०६/०७ को निर्णयबाट स्वीकृत भएबमोजिम सर्बसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

## स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०६/०७**

**प्रस्तावना**

सुरुङ्गा नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा विद्यमान शिक्षक अभाव परिपूर्ति गर्ने, पठनपाठनमा सहजता प्रदान गर्ने र शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यले नेपालको संविधान (२०७२) को अनुसूची ८ मा उल्लिखित स्थानीय तहको एकल अधिकारको सूची एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा उल्लिखित आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले सुरुङ्गा नगरपालिका, मधुपट्टी, सप्तरीले यो कार्यविधि बनाई जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम "**स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७**" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "स्वयम्सेवक शिक्षक" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त स्वयम्सेवक शिक्षक सम्झनुपर्छ।

(ख) "नगरपालिका" भन्नाले सुरुङ्गा नगरपालिका, मधुपट्टी, सप्तरी सम्झनुपर्छ।

(ग) "नगर सभा" भन्नाले सुरुङ्गा नगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले सुरुङ्गा नगर कार्यपालिका सम्झनुपर्छ।

(ङ) "प्रमुख" भन्नाले सुरुङ्गा नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ।

(च) “कार्यालय” भन्नाले सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी सम्झनुपर्छ ।
(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सुरुङ्गा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।
(ज) “समिति” भन्नाले स्वयम्सेवक शिक्षक छनौटका लागि गठित स्वयम्सेवक शिक्षक छनौट समिति सम्झनुपर्छ ।
(झ) “परीक्षा” भन्नाले स्वयम्सेवक शिक्षक छनौटका लागि समितिद्वारा सञ्चालन गरिने लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तामध्ये कुनै एक परीक्षा वा दुई वा तीनवटै परीक्षा सम्झनुपर्छ ।
(ञ) “विद्यालय” भन्नाले सुरुङ्गा नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालय सम्झनुपर्छ ।
(ट) “शिक्षा शाखा” भन्नाले सुरुङ्गा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ :

(क) नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरूमा शिक्षक अभाव परिपूर्ति गर्न स्वयम्सेवक शिक्षकहरूको छनौट तथा सिफारिसका लागि परीक्षा सञ्चालन गर्ने,
(ख) शिक्षक अभाव भएका सामुदायिक विद्यालयहरूको पठनपाठन प्रक्रिया व्यवस्थित गर्ने,
(ग) सामुदायिक विद्यालयहरूको सेवा प्रवाह एवम् शैक्षिक गुणस्तर सुधार गर्ने,
(घ) नगरपालिकाबाट हुने स्वयम्सेवक शिक्षक भर्ना प्रक्रियालाई व्यवस्थित तुल्याउने ।

## परिच्छेद–२
## स्वयम्सेवक शिक्षक कोटा निर्धारण र वितरण व्यवस्था

४. **स्वयम्सेवक शिक्षक कोटा निर्धारण र वितरण :**

(१) नगरपालिकाको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी नगर कार्यपालिकाको निर्णय बमोजिम स्वयम्सेवक शिक्षक कोटा (संख्या) निर्धारण गरिनेछ । कोटा निर्धारण गर्दा तहगत र विषयगत आधारमा विद्यालयगत कोटा यकिन गरिनेछ ।
(२) नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा स्वयम्सेवक शिक्षक कोटा (संख्या) वितरण गर्दा देहाय बमोजिमका आधारमा गरिनेछ :
(क) विद्यालयहरूमा अध्ययनरत विद्यार्थी संख्या एवम् शिक्षक संख्याका आधारमा शिक्षक अभाव रहे/नरहेको तथा सहज ढंगले पठनपाठन हुनसक्ने वा हुननसक्ने यकिन गरी विद्यालयगत रूपमा कोटा निर्धारण गरिनेछ ।
(ख) कक्षागत र विषयगत शिक्षक नपुग भएका सामुदायिक विद्यालयहरूमा कक्षागत रूपमा प्रति कक्षा न्यूनतम २० जना विद्यार्थी भएमा स्वयम्सेवक शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ । तर, माथिल्लो तहमा तोकिएभन्दा कम शिक्षक दरबन्दी वा राहत अनुदान भएमा र तल्लो तहमा विद्यमान शिक्षक संख्याले कक्षागत रूपमा शिक्षक नपुग भएमा स्वयम्सेवक शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ ।
(ग) सेवाक्षेत्रको जनसंख्या र विद्यार्थी संख्या न्यून भएमा एवम् भौतिक पूर्वाधार कमजोर रहेको विद्यालयमा स्वयम्सेवक शिक्षक कोटा उपलब्ध गराइने छैन ।
(घ) स्वयम्सेवक शिक्षक कोटा पाउनका लागि अनुमती लिएको अन्तिम कक्षा सञ्चालन भएको कम्तीमा २ वर्ष पूरा भएको हुनुपर्नेछ ।
(३) पहिलो पटकका लागि विद्यालयमा आवश्यक तहगत एवम् विषयगत शिक्षक संख्या र नगरपालिकाको आन्तरिक स्रोतका आधारमा चाहिने कुल स्वयम्सेवक शिक्षक संख्या यकिन गरी निर्धारण गरिनेछ ।
(४) विद्यालयगत रूपमा वितरण गरिने कोटा अनुसार स्वयम्सेवक शिक्षक खटिँदा समेत सहजरूपमा विद्यालय सञ्चालन हुन नसकेको र शैक्षिक गुणस्तरमा सुधार आउन नसकेको व्यहोरा नगरपालिकाबाट

गरिएको अनुगमन प्रतिवेदन र वडा कार्यालयको सिफारिसबाट देखिएमा नगरपालिकाले सोको प्रभाव मूल्याङ्कन गरी नगर कार्यपालिकाले स्वयम्सेवक शिक्षक कोटा पुनर्वितरण एवम् फिर्ता गर्नसक्ने छ ।

## परिच्छेद–३

## स्वयम्सेवक शिक्षक छनौट समितिसम्बन्धी व्यवस्था

**५. स्वयम्सेवक शिक्षक छनौट समितिको गठन :**

(१) यस कार्यविधि अनुसार निर्धारित पदमा स्वयम्सेवक शिक्षक छनौट गरी सिफारिस गर्नको लागि देहायबमोजिमको एक स्वयम्सेवक शिक्षक छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत ................संयोजक
(ख) शिक्षा शाखाको कर्मचारी ..................सदस्य
(ग) शिक्षा शाखा प्रमुख .........सदस्य-सचिव

(२) तहगत र विषयगत आवश्यकताका आधारमा समितिले आवश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरू स्वयम्सेवक शिक्षक छनौटका लागि लिइने परीक्षासम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

(३) समितिको कार्यसञ्चालन तथा बैठकसम्बन्धी कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

**६. स्वयम्सेवक शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार :**

(१) स्वयम्सेवक शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) यस कार्यविधि अनुसार सामुदायिक विद्यालयहरूका लागि तोकिएका पद संख्यामा स्वयम्सेवक शिक्षक करार नियुक्ति गर्न प्रतियोगितात्मक परीक्षा सञ्चालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) विज्ञापन प्रकाशन गर्दा समावेशिताको आधारमा पदसंख्या निर्धारण गर्ने,

(ग) विज्ञापनमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरूको छनौट गर्न लिखित परीक्षा, प्रयोगात्मक परीक्षा (आवश्यकतानुसार) र अन्तर्वार्ता सञ्चालन गर्ने,

(घ) लिखित तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षाबाट उत्तीर्ण हुने उम्मेदवारहरूमध्ये आवश्यक पद संख्याको २० प्रतिशत उम्मेदवार थप गरी अन्तर्वार्ताको लागि छनौट गर्ने, तर अन्तिम क्रमसंख्यामा एक जनाभन्दा बढी उम्मेदवारले समान अङ्क प्राप्त गरेमा त्यस्तो सबै उम्मेदवारको नाम अन्तर्वार्ताको लागि प्रकाशन गर्ने,

(ङ) अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गर्ने । आवश्यक संख्यामा सफल उम्मेदवारहरू छनौट गरी योग्यताक्रम सहित नियुक्तिका लागि सिफारिस गर्ने र उपलब्ध भएसम्म आवश्यक पद संख्याको १० प्रतिशत उम्मेदवारहरू थप गरी वैकल्पिक योग्यताक्रम सूची प्रकाशन गर्ने ।

## परिच्छेद–४

## विज्ञापन प्रकाशन, प्रतियोगितात्मक परीक्षा र सिफारिस सम्बन्धी व्यवस्था

**७. विज्ञापन प्रकाशन गर्नुपर्ने :**

(१) यस कार्यविधिबमोजिम स्वयम्सेवक शिक्षक पदमा पदपूर्तिको लागि कम्तीमा १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गर्नुपर्नेछ । आवेदनको ढाँचा <u>अनुसूची १</u> बमोजिम हुनेछ ।

(२) प्रकाशित विज्ञापनमा थपघट वा संशोधन गर्नुपरेमा प्रथम पटक प्रकाशन भएको मितिले १० दिनभित्र समितिले थपघट वा संशोधन गर्नसक्नेछ ।

**८. पदपूर्ति प्रक्रिया समावेशी हुने :**

(१) तहगत र विषयगतरूपमा एक मात्र स्वयम्सेवक शिक्षक पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गरिनेछ । एकभन्दा बढी पदहरूमा खुला तथा समावेशी समूह निर्धारण गरी पदपूर्ति गरिनेछ ।

(२) स्वयम्सेवक शिक्षक पदलाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेदवारहरूबीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :

| क.सं. | समावेशी समूह | प्रतिशत |
|---|---|---|
| १. | महिला | तेत्तीस |
| २. | आदिवासी/जनजाति | सत्ताइस |
| ३. | मधेसी | बाइस |
| ४. | दलित | नौ |
| ५. | अपाङ्ग | पाँच |
| ६. | पिछडिएको क्षेत्र | चार |

(३) यसरी पद संख्या निर्धारण गर्दा शून्य दशमलव पाँच र सोभन्दा बढीलाई एक कायम गरी शून्य दशमलव पाँचभन्दा कम आएमा खुलाबाट समावेशी समूहमा र समावेशी समूहको एक समूहबाट लगत्तै पछिको अर्को समूहमा सर्दै जानेछ । समावेशीतर्फ अन्तिम समूहबाट आउने शून्य दशमलव पाँचभन्दा कम दशमलव संख्या वा घाताङ्क (फ्याक्सन) खुलातर्फ सर्नेछ ।

**९. योग्यता तथा तालिमसम्बन्धी व्यवस्था :**

(१) स्वयम्सेवक शिक्षक पदमा उम्मेदवार हुनको लागि देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिक मात्र योग्य हुनेछन् :

(क) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको, मगज नबिग्रेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार नठहरिएको तथा भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

(ख) आधारभूत तह (कक्षा १-५) को लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा शिक्षा विषयमा कक्षा ११-१२ उत्तीर्ण गरेको र आधारभूत तह (कक्षा ६-८) को लागि सम्बन्धित विषयमा शिक्षाशास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा शिक्षा विषय लिई कक्षा ११-१२ उत्तीर्ण गरेको,

(ग) माध्यमिक तह (कक्षा ९-१०) को लागि सम्बन्धित विषयमा शिक्षाशास्त्रमा स्नातक तह उत्तीर्ण गरेको र माध्यमिक तह (कक्षा ११-१२) को लागि सम्बन्धित विषयमा शिक्षाशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(घ) शिक्षक सेवा आयोगबाट तह अनुसारको स्थायी अध्यापन अनुमति पत्र लिएको ।

**१०. पदपूर्तिको माध्यम :**

(१) स्वयम्सेवक शिक्षक पदपूर्तिका लागि स्वयम्सेवक शिक्षक छनौट समितिले देहायबमोजिमको प्रक्रिया अवलम्बन गरी लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता सञ्चालन गर्नेछ :

(क) लिखित परीक्षाको पूर्णांक र उत्तीर्णांक पाठ्यक्रममा निर्धारण भएबमोजिम हुनेछ ।

(ख) आवश्यकतानुसार लिइने प्रयोगात्मक परीक्षाको पूर्णांक २५ र उत्तीर्णांक १० हुनेछ ।

(ग) अन्तर्वार्ताको २० अंक हुनेछ, जसमध्ये शैक्षिक योग्यताको ३, शिक्षण अनुभवको २, स्थानीयतावापत ५ र व्यक्तिगत अन्तर्वार्ताको १० अंक हुनेछ :

- शैक्षिक योग्यतावापत प्रथम श्रेणीको ३ अंक, द्वितीय श्रेणीको २ अंक र तृतीय श्रेणीको १ अंक हुनेछ । श्रेणी नखुल्ने प्रमाण पत्रको हकमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ ।

- शिक्षण अनुभववापत सम्बन्धित तह र विषयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी वा राहत अनुदानमा अस्थायी/करार शिक्षक पदमा शिक्षण गरेको भए १ वर्षभन्दामाथि ५ वर्षसम्मको अनुभव भए १ अंक र सोभन्दा माथिको अनुभव भए २ अंक दिइनेछ।
- उम्मेदवार सुरुङ्गा नगरपालिकाको स्थायी बासिन्दा रहेमा स्थानीयतावापत ५ अंक दिइनेछ। यसको लागि उम्मेदवारले सुरुङ्गा नगरपालिकामा स्थायी बसोवास रहेको प्रमाण (नागरिकता, बसाइँसराइँ वा विवाह दर्ताको प्रमाणपत्र) पेश गर्नुपर्नेछ।
- व्यक्तिगत अन्तर्वार्ता १० अंकको हुनेछ, जसमा व्यक्तित्ववापत १ अंक, प्रस्तुतीकरणवापत १ अंक, शिक्षण विधि एवम् शिक्षा मनोविज्ञान सम्बन्धी ज्ञानवापत २ अंक र सम्बन्धित विषयवस्तुको ज्ञानवापत ६ अंक रहनेछ।

११. **लिखित परीक्षाको पाठ्यक्रम र अंकभार :**

(१) तहगत तथा विषयगत रूपमा शिक्षक सेवा आयोगबाट खुला प्रतियोगितात्मक परीक्षाको लागि निर्धारित/संशोधित पाठ्यक्रम नै स्वयम्सेवक शिक्षक छनौटको लागि लिइने परीक्षाको पाठ्यक्रम हुनेछ।

१२. **प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालन :**

(१) प्रश्नपत्र निर्माण एवम् परिमार्जन गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा शिक्षा शाखा प्रमुख सदस्य रहेको एक उप-समिति रहनेछ।

(२) समितिले पदपूर्ति हुने पदको प्रकृति अनुसार बहालवाला शिक्षक वा सेवा निवृत्त शिक्षक वा विषयविज्ञहरूबाट प्रश्नपत्र निर्माण र परिमार्जन गराउनेछ। प्रश्नपत्रहरू सिलबन्दी गरी उचित भण्डारण गर्ने कर्तव्य समितिका संयोजक वा निजले तोकेको कर्मचारीको हुनेछ।

(३) समितिले तोकेको मिति, समय र स्थानमा परीक्षा सञ्चालन हुनेछ।

(४) लिखित परीक्षाको केन्द्राध्यक्ष समितिका संयोजक आफैँ वा निजले तोकेको कर्मचारी हुनेछ। संयोजकले परीक्षा सञ्चालन गर्नको लागि आवश्यक संख्यामा निरीक्षक खटाउन सक्नेछ।

(५) समितिका पदाधिकारी, परीक्षामा खटिएका सुरक्षाकर्मी, परीक्षार्थी, नगर प्रमुख, नगर उपप्रमुख र समितिका पदाधिकारी वा नगर प्रमुखबाट अनुमति प्राप्त कर्मचारी वा प्रतिनिधिबाहेक अन्य व्यक्तिलाई परीक्षा भवनमा प्रवेश गर्न दिइने छैन।

१३. **उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन :**

(१) उत्तरपुस्तिका परीक्षण गर्ने विशेषज्ञले उम्मेदवारको पहिचान गर्न नसक्ने गरी समितिले लिखित परीक्षाको उत्तरपुस्तिकामा प्रथम र दोस्रो कोडिङ (सांकेतीकरण) गर्ने व्यवस्था मिलाउनेछ।

(२) कोडिङ भएको उत्तरपुस्तिका सम्बन्धित विषय विशेषज्ञबाट परीक्षण र सम्परीक्षण गराइनेछ। समितिले उत्तरपुस्तिका परीक्षण गर्ने विधि, प्रक्रिया र आचारसंहिता विषय विशेषज्ञलाई उपलब्ध गराउनेछ।

(३) विषयविज्ञले समयमै उत्तरपुस्तिका परीक्षण गरी परीक्षण भएको उत्तरपुस्तिका सिलबन्दी गरी समितिको सदस्य-सचिवसमक्ष पेश गर्नुपर्ने छ।

(४) समितिले परीक्षण भएको उत्तरपुस्तिका सम्परीक्षण गर्ने व्यवस्था मिलाउन सक्नेछ। सम्परीक्षण भएको उत्तरपुस्तिका सिलबन्दी गरी समितिको सदस्य–सचिवलाई बुझाउनुपर्ने छ।

(५) सिलबन्दी गरिएको उत्तरपुस्तिका समितिका सम्पूर्ण पदाधिकारीहरूको उपस्थितिमा खोली सामूहिक रूपमा रुजु गरी आवश्यक पद संख्याको २० प्रतिशत उम्मेदवार थप गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूको नाम नेपाली वर्णानुक्रम अनुसार समावेश गरी लिखित परीक्षाको नतिजा प्रकाशन गर्नुपर्ने छ।

१४. **प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता र अन्तिम नतिजा प्रकाशन :**

(१) लिखित परीक्षामा सफल उम्मेदवारहरूलाई मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा सहभागी गराइनेछ। तर, समितिले आवश्यक ठानेमा मात्र प्रयोगात्मक परीक्षा सञ्चालन गरिनेछ।

(२) प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) समिति आफैंले अन्तर्वार्ता लिनसक्नेछ । तर, आवश्यक परेमा समितिले विषय विशेषज्ञताका आधारमा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी वा अन्यत्रबाट थप कर्मचारी/विषयविज्ञ मनोनयन गर्नसक्ने वा छुट्टै अन्तर्वार्ता समिति गठन गरी कार्य जिम्मेवारी दिनसक्ने छ ।

(४) अन्तर्वार्तामा रहने पदाधिकारीहरूले अन्तर्वार्तामा छुट्टाछुट्टै अंक प्रदान गर्नेछन् र सबै अन्तर्वार्ताकारहरूले प्रदान गरेको अंकहरूको औसत गणना गरी उम्मेदवारले लिखित परीक्षा, प्रयोगात्मक परीक्षा भए सो परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अंक जोडी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरू समावेश गरी समितिले आवश्यक संख्यामा सफल उम्मेदवार र १० प्रतिशत संख्यामा वैकल्पिक उम्मेदवारहरूको नामावलीसहितको अन्तिम नतिजा प्रकाशन गर्नेछ ।

(५) समितिले अन्तिम नतिजामा परेका सफल उम्मेदवारहरूलाई करार स्वयम्सेवक शिक्षक पदमा नियुक्तिका लागि सिफारिस सहित नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद–५

## उजुरी तथा नियुक्ति सम्बन्धी व्यवस्था

**१५. उजुरी दिनसक्ने तथा उजुरी उपर कार्यवाही सम्बन्धी व्यवस्था :**

(१) अन्तिम नतिजा प्रकाशन तथा सिफारिस सम्बन्धमा कुनै उम्मेदवारलाई चित्त नबुझेमा त्यस्तो उम्मेदवारले अन्तिम नतिजा प्रकाशन भएको मितिले ७ दिनभित्र शिक्षा शाखामा निवेदन दिनसक्नेछ ।

(२) त्यस्तो उजुरीउपर छानवीन गरी किनारा लगाउन नगरपालिकाले छानवीन समिति गठन गर्नसक्नेछ । सामान्यतया छानवीन समिति गठन भएको १५ दिनभित्र छानवीन समितिले उजुरीउपर कार्यवाहीको निर्णय गर्नेछ ।

(३) उजुरी उपर छानवीन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**१६. करार नियुक्ति सम्बन्धी व्यवस्था :**

(१) सिफारिस उपर उजुरी परेको खण्डमा उजुरी उपर कार्यवाहीको निर्णयपश्चात् र उजुरी नपरेको अवस्थामा उजुरी दिने म्याद समाप्त भएपश्चात् नगरपालिकाले चालु आ.व.को असार मसान्तसम्मको लागि अनुसूची २ बमोजिम सेवा करार सम्झौता गरी स्वयम्सेवक शिक्षक पदमा नियुक्ति गर्नेछ । यसरी नियुक्ति गर्नुअघि पदस्थापन हुने विद्यालयहरूको सूची प्रकाशन गर्ने र सफल उम्मेदवारहरूलाई विद्यालय छनौट गर्न लगाई योग्यताक्रमका आधारमा पदस्थापन हुने विद्यालय समेत खुलाई नियुक्ति दिइनेछ ।

(२) नियुक्ति हुने स्वयम्सेवक शिक्षकको कार्यसम्पादन सन्तोषजनक नरहेको व्यहोरा वडा कार्यालयको सिफारिस वा नगरपालिकाबाट भएको स्थलगत अनुगमन/निरीक्षणबाट देखिएमा नगरपालिकाले जुनसुकै बखत हटाउनसक्नेछ । तर, निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(३) स्वयम्सेवक शिक्षकको कार्यसम्पादन सन्तोषजनक रहेको व्यहोरा शिक्षा शाखा प्रमुखको रायसहित प्रमुख प्रशासकीय अधिकृतको सिफारिसबाट देखिएमा कार्यपालिकाले करार अवधि थप गर्नसक्नेछ ।

(४) सेवा करारमा नियुक्त स्वयम्सेवक शिक्षकको सेवा सुविधा दफा १८ मा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद–६

## विविध

**१७. दरखास्त दस्तुर, समितिका पदाधिकारीहरूको सुविधा, परीक्षा सञ्चालन खर्च तथा अन्य खर्च :**

(१) स्वयम्सेवक शिक्षक पदको लागि दरखास्त दस्तुर समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) विज्ञापन प्रकाशन भएको मितिले अन्तिम नतिजा प्रकाशन एवम् नियुक्तिको लागि सिफारिस गर्ने मितिसम्म समितिका पदाधिकारीहरूलाई खाजा वापत प्रतिदिन रु. ३५०/- का दरले उपलब्ध गराइनेछ ।

(३) समितिको बैठकको दिन समितिका पदाधिकारी तथा समितिले आवश्यक ठानेका आमन्त्रित सदस्यहरूले बैठक भत्ता र परीक्षा सञ्चालन भएको दिन समितिका पदाधिकारी, केन्द्राध्यक्ष, निरीक्षक, अनुगमनकर्ता समेतलाई पारिश्रमिक वापत बैठक भए प्रति बैठक वा परीक्षासम्बन्धी कार्य वा अनुगमनको कार्यमा खटिएवापत प्रति दिन पारिश्रमिक रू. १,०००/- र खाजा खर्च रू. १५०/- उपलब्ध गराइनेछ ।

(४) पदपूर्ति सम्बन्धी कामको सिलसिलामा खटिने पदाधिकारी वा कर्मचारीहरूलाई अतिरिक्त समय काम गरेवापत प्रतिदिन १ दिनको तलब बराबर अतिरिक्त भत्ता उपलब्ध गराइनेछ ।

(५) प्रश्नपत्र निर्माण गरेवापत प्रति सेट प्रश्नपत्र निर्माणको लागि लोक सेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

(६) प्रश्नपत्र परिमार्जन (मोडरेशन) गरेवापत प्रति सेट प्रश्नपत्र परिमार्जनको लागि लोक सेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

(७) उत्तरपुस्तिका परीक्षणमा खटिएवापत प्रति उत्तरपुस्तिका परीक्षणको लागि लोक सेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

**१८. स्वयम्सेवक शिक्षकको सेवा, शर्त र सुविधा :**

(१) स्वयम्सेवक शिक्षकको मासिक निर्वाह भत्ता तथा अन्य सुविधा नगरपालिकाले समयसमयमा तोकेबमोजिम हुनेछ । तर, पहिलो पटकको लागि मासिक निर्वाह भत्ता र अन्य सुविधा देहायबमोजिम हुनेछ :

| क्र.सं. | पद | तह | मासिक निर्वाह भत्ता | पोशाक भत्ता वार्षिक |
|---|---|---|---|---|
| १. | स्वयम्सेवक शिक्षक | आधारभूत तह (कक्षा १-५) | रू. १५,०००।- | रू. ५,०००।- |
| २. | स्वयम्सेवक शिक्षक | आधारभूत तह (कक्षा ६-८) | रू. १५,०००।- | रू. ५,०००।- |
| ३. | स्वयम्सेवक शिक्षक | माध्यमिक तह (कक्षा ९-१०) | रू. १८,०००।- | रू. ५,०००।- |

(२) स्वयम्सेवक शिक्षकले पाउने विदा र विदासम्बन्धी प्रक्रिया नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकले पाए सरह हुनेछ । तर, स्वयम्सेवक शिक्षकले असाधारण, वेतलबी र अध्ययन विदा पाउनेछैन ।ः

(३) स्वयम्सेवक शिक्षकको मासिक निर्वाह भत्ता निज कार्यरत विद्यालयको खातामा निकासा गरिनेछ । यसको लागि सम्बन्धित विद्यालयले चौमासिक रूपमा निकासा माग फाराम नगरपालिकामा पेश गर्नुपर्नेछ । निकासापश्चात सम्बन्धित विद्यालयले निजको कार्यसम्पादन र हाजिरी अभिलेखका आधारमा स्वयम्सेवक शिक्षकको बैंक खातामार्फत भुक्तानी दिनुपर्नेछ ।

**१९. स्वयम्सेवक शिक्षकको आचारसंहिता :**

(१) स्वयम्सेवक शिक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :

(क) नगरपालिकासँग भएको सम्झौता अनुरूपको कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमितरूपले विद्यालयमा आए-गएको समय जनाई हाजिरी गर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(ग) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(घ) नगरपालिकाको नीति तथा कानुन प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(ङ) कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नहुने,

(च) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने,

(छ) आफ्नो सेवा सुविधा सम्बन्धमा कुनै प्रकारको संगठन गर्न नहुने,

(ज) सम्झौता विपरीतको कार्य गर्न र यस विरुद्ध उजुरी गर्न नहुने ।

**२०. प्रमाणपत्रको व्यवस्था :**

(१) स्वयम्सेवक शिक्षकले सम्झौताबमोजिमको कार्यावधि पूरा गरेमा वा सोभन्दा बढी अवधि कार्य गरेमा नगरपालिकाले निजलाई शिक्षण अनुभवको प्रमाणपत्र प्रदान गर्नेछ ।

**२१. अनुगमन तथा प्रतिवेदनसम्बन्धी व्यवस्था :**

(१) स्वयम्सेवक शिक्षकले गरेको कार्यसम्पादनको नियमित अनुगमन गर्ने र चौमासिक प्रतिवेदन पठाउने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

(२) सम्बन्धित वडा कार्यालय र नगरपालिकाका पदाधिकारी एवम् कर्मचारीहरूबाट समयसमयमा स्वयम्सेवक शिक्षकले गरेको कार्यको स्थलगत अनुगमन तथा निरीक्षण हुनेछ ।

**२२. खारेजी र बचाउ :**

(१) कार्यपालिकाबाट सम्वत् २०७५ साल मंसिर ८ गते स्वीकृत “स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७५” खारेज गरिएको छ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुने र उल्लेख नभएको विषयमा नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ । तर, यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले,
सुरेश दाहाल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

# सुरुङ्गा नगरपालिका सप्तरी

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी फोटोमा पर्ने गरी उम्मेदवारले सही गर्ने |

## स्वयम्सेवक शिक्षक पदको लागि आवेदन फाराम

(तह र विषय फरक भएमा छुट्टाछुट्टै फाराम भर्नुपर्नेछ । तर, एउटै तह/विषयको एकभन्दा बढी समूहको लागि एउटै फाराम प्रयोग गर्नुपर्नेछ ।

क. उम्मेदवारले सेवा गर्न चाहेको पद : स्वयम्सेवक शिक्षक        विज्ञापन नं. :

तह :        विषय :        समूह :

ख. उम्मेदवारको वैयक्तिक विवरण :

| | |
|---|---|
| उम्मेदवारको नाम/थर : | देवनागरीमा : |
| | In English Block Letter : |
| स्थायी ठेगाना : | जिल्ला : गा.पा./न.पा. वडा नं.:<br>टोल : घर नं. : सम्पर्क नं. : |
| पत्राचार गर्ने ठेगाना | जिल्ला : गा.पा./न.पा. वडा नं.:<br>टोल : सम्पर्क नं. : इमेल : |
| बाबुको नाम/थर : | आमाको नाम/थर : |
| बाजेको नाम/थर : | पति/पत्नीको नाम/थर : |
| जन्म मिति (वि.सं.मा) : | (ईस्वी सन्मा) : हालको उमेर : .....वर्ष.... महिना |

ग. शैक्षिक योग्यतासम्बन्धी विवरण (न्यूनतम र सोभन्दा मुनि SLC/SEE सम्मको) :

| | विश्वविद्यालय/बोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |

घ. संलग्न कागजातहरूको विवरण (संलग्न प्रति संख्या समेत उल्लेख गर्ने) :

१.        २.

३.        ४.

५.        ६.

७.        ८.

ङ. माथि उल्लिखित व्यहोरा ठीक साँचो हो भनी उम्मेदवारले सहीछाप गर्ने :

| उम्मेदवारको ल्याप्चे सहीछाप | | दस्तखत | मिति |
|---|---|---|---|
| दायाँ | बायाँ | | |

सुरुङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)

स्वयंसेवक शिक्षक प्रतियोगिता

## प्रवेश पत्र

हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी फोटोमा पर्ने गरी उम्मेदवारले सही गर्ने

**उम्मेदवारले भर्ने :**

क. उम्मेदवारको नाम, थर :

ख. तह : ग. विषय :

घ. समूह : (एउटै तह/विषयको फरक फरक समूह भए सबै समूह र विज्ञापन नं. उल्लेख गर्ने)

| | | | | |
|---|---|---|---|---|
| विज्ञापन नं. : | | | | |
| समूह : | | | | |

ङ. स्थायी ठेगाना : जिल्ला ........................ गा.पा./न.पा. .................................... वार्ड नं. ...........

च) परीक्षार्थीको दस्तखत : मिति :

**सम्बन्धित कर्मचारीले भर्ने :**

मिति : ........................... मा हुने स्वयंसेवक शिक्षक प्रतियोगितामा तपाईंलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ । परीक्षा केन्द्र पछि तोकिनेछ ।

परीक्षा केन्द्र :...................................................... रोल नं. : ......................... ....................

अधिकृतको दस्तखत

सुरुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)

स्वयंसेवक शिक्षक प्रतियोगिता

प्रवेश पत्र

हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी फोटोमा पर्ने गरी उम्मेदवारले सही गर्ने

**उम्मेदवारले भर्ने :**

क. उम्मेदवारको नाम, थर :

ख. तह : ग. विषय :

घ. समूह : (एउटै तह/विषयको फरक फरक समूह भए सबै समूह र विज्ञापन नं. उल्लेख गर्ने)

| | | | | |
|---|---|---|---|---|
| विज्ञापन नं. : | | | | |
| समूह : | | | | |

ङ. स्थायी ठेगाना : जिल्ला ........................ गा.पा./न.पा. .................................... वार्ड नं. ...........

च) परीक्षार्थीको दस्तखत : मिति :

**सम्बन्धित कर्मचारीले भर्ने :**

मिति : ........................... मा हुने स्वयंसेवक शिक्षक प्रतियोगितामा तपाईंलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ । परीक्षा केन्द्र पछि तोकिनेछ ।

परीक्षा केन्द्र :...................................................... रोल नं. : ......................... ....................

अधिकृतको दस्तखत

परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू :

१. उम्मेदवारले परीक्षा दिन आउँदा अनिवार्यरूपमा प्रवेशपत्र लिई आउनुपर्नेछ। प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।
३. लिखित परीक्षा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ताको दिन सक्कल प्रवेशपत्र र अन्य प्रमाणपत्रहरू अनिवार्य रुपमा ल्याउनुपर्नेछ।
४.दरखास्त फाराममा लेखिएको तह, विषय र समूहको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनुपर्नेछ।
५.परीक्षार्थीले वस्तुगत परीक्षाको लागि दिइएको निर्देशन बमोजिम मात्र उत्तरपुस्तिकामा लेख्नुपर्नेछ र परीक्षार्थीले अनिवार्यरूपमा कालो मसी प्रयोग गर्नुपर्नेछ।
६. उत्तर पुस्तिकामा नाम थर, रोल नम्बर आदि विवरण लेखेको कभरपेजको ठीक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुँदैन।
७. तोकिएको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइनेछैन।
८. परीक्षामा सिसाकलम प्रयोग गर्न पाइनेछैन। सो प्रयोग गरेको पाइएमा परीक्षा रद्द हुनेछ।
९. वस्तुगत परीक्षाको उत्तरपुस्तिका बुझाई सकेपछि मात्र विषयगत परीक्षाका लागि प्रश्नहरू लिई परीक्षा दिनुपर्नेछ।
१०. परीक्षा शुरू हुनुभन्दा ३० मिनेट अगाडि जनाउ घण्टीले सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नुपर्नेछ।
११. परीक्षा शुरू भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा पवेश गर्न दिइनेछैन।
१२. परीक्षा शुरू भएको एक घण्टा व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइनेछैन।
१३. परीक्षा भवनमा किताब, कापी, कागज, चिट आदि लैजान पाइनेछैन। परीक्षार्थीले आपसमा कुराकानी र सङ्केत गर्न पाइनेछैन।
१४. आफूलाई चिनाउने कुनै सङ्केत, फोन, मोबाइल नं. आदि उत्तरपुस्तिकामा लेख्न पाइनेछैन। अनयथा परीक्षा रद्द हुनेछ।
१५. परीक्षा भवनमा अनुचित कार्य गरेमा प्रचलित कानुन तथा “स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७” बमोजिम कारवाही हुनेछ।
१६. सरुवा रोग लागेको परीक्षार्थीले परीक्षा शुरू हुनु अगावै केन्द्राध्यक्षलाई लिखित रुपमा जानकारी गराउनुपर्नेछ। केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थीको पहिचान गरी परीक्षा दिन लगाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।
१७. विज्ञापन वा सूचनामा उल्लिखित कार्यक्रम अनुसार परीक्षा हुनेछ।

---

परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू :

१. उम्मेदवारले परीक्षा दिन आउँदा अनिवार्यरूपमा प्रवेशपत्र लिई आउनुपर्नेछ। प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।
३. लिखित परीक्षा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ताको दिन सक्कल प्रवेशपत्र र अन्य प्रमाणपत्रहरू अनिवार्य रुपमा ल्याउनुपर्नेछ।
४.दरखास्त फाराममा लेखिएको तह, विषय र समूहको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनुपर्नेछ।
५.परीक्षार्थीले वस्तुगत परीक्षाको लागि दिइएको निर्देशन बमोजिम मात्र उत्तरपुस्तिकामा लेख्नुपर्नेछ र परीक्षार्थीले अनिवार्यरूपमा कालो मसी प्रयोग गर्नुपर्नेछ।
६. उत्तर पुस्तिकामा नाम थर, रोल नम्बर आदि विवरण लेखेको कभरपेजको ठीक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुँदैन।
७. तोकिएको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइनेछैन।
८. परीक्षामा सिसाकलम प्रयोग गर्न पाइनेछैन। सो प्रयोग गरेको पाइएमा परीक्षा रद्द हुनेछ।
९. वस्तुगत परीक्षाको उत्तरपुस्तिका बुझाई सकेपछि मात्र विषयगत परीक्षाका लागि प्रश्नहरू लिई परीक्षा दिनुपर्नेछ।
१०. परीक्षा शुरू हुनुभन्दा ३० मिनेट अगाडि जनाउ घण्टीले सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नुपर्नेछ।
११. परीक्षा शुरू भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा पवेश गर्न दिइनेछैन।
१२. परीक्षा शुरू भएको एक घण्टा व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइनेछैन।
१३. परीक्षा भवनमा किताब, कापी, कागज, चिट आदि लैजान पाइनेछैन। परीक्षार्थीले आपसमा कुराकानी र सङ्केत गर्न पाइनेछैन।
१४. आफूलाई चिनाउने कुनै सङ्केत, फोन, मोबाइल नं. आदि उत्तरपुस्तिकामा लेख्न पाइनेछैन। अनयथा परीक्षा रद्द हुनेछ।
१५. परीक्षा भवनमा अनुचित कार्य गरेमा प्रचलित कानुन तथा “स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७” बमोजिम कारवाही हुनेछ।
१६. सरुवा रोग लागेको परीक्षार्थीले परीक्षा शुरू हुनु अगावै केन्द्राध्यक्षलाई लिखित रुपमा जानकारी गराउनुपर्नेछ। केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थीको पहिचान गरी परीक्षा दिन लगाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।
१७. विज्ञापन वा सूचनामा उल्लिखित कार्यक्रम अनुसार परीक्षा हुनेछ।

अनुसूची २

## स्वयम्सेवक शिक्षक सेवा करार सम्झौता

श्री सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी (यसपछि प्रथम पक्ष भनिनेछ) र ......................जिल्ला ............... ........... गा.पा./न.पा. ............................ गाउँ/टोल वडा नं. ....... स्थायी ठेगाना भई हाल .............. ................... बस्ने श्री ......................................... को छोरा/छोरी/पति/पत्नी श्री ...................... ............ (यसपछि दोस्रो पक्ष भनिनेछ) बीच स्वयम्सेवक शिक्षकको रूपमा ....................तह ............... ........... विषयमा शिक्षण कार्य गर्न भएको सम्झौता पत्र ।

(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरू :

(क) स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम सम्बन्धित विद्यालयको खातामा त्रैमासिक रूपमा निर्वाह भत्ता निकासा उपलब्ध गराउने,

(ख) स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम विदा तथा अन्य सुविधा उपलब्ध गराउने,

(ग) स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम आचारसंहिता पालना गराउने,

(घ) स्वयम्सेवक शिक्षकले सम्झौता बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने/गराउने ।

(२) दोस्रो पक्षले पालन गर्नुपर्ने शर्तहरू :

(क) विद्यालयमा नियमित रूपमा उपस्थित भई पठनपाठनमा सहभागी हुनुपर्ने,

(ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले सुम्पिएको जिम्मेवारी पूरा गर्नुपर्ने,

(ग) स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ बमोजिमको आचारसंहिता पालना गर्नुपर्ने,

(घ) स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ बमोजिमको सुविधाबाहेक अन्य कुनै प्रकारको सेवा सुविधा दावी गर्न पाइनेछैन ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| नाम र थर : | नाम र थर : |
| ठेगाना : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| रोहवर | रोहवर |
| नाम र थर : | नाम र थर : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

अनुसूची ३

## स्वयम्सेवक शिक्षक पदस्थापन हुने विद्यालयहरू

| | शिक्षक आवश्यक विद्यालयको नाम र ठेगाना | पद संख्या | पदपूर्ति हुने तह | पदपूर्ति हुने विषय |
|---|---|---|---|---|
| १. | जनमुखी सामुदायिक प्रा.वि. हर्दिया | २ | आधारभूत (कक्षा १-५) | साधारण |
| २. | राष्ट्रिय प्रा.वि. चकदह मोहनपुर | १ | आधारभूत (कक्षा १-५) | साधारण |
| ३. | दलित जनता आ.वि. पोखरिया हरिपुर | १ | आधारभूत (कक्षा १-५) | साधारण |
| ४. | राष्ट्रिय आ.वि. हरिपुर | २ | आधारभूत (कक्षा १-५) | साधारण |
| ५. | राष्ट्रिय आ.वि. महुलिया, मलहनमा | १ | आधारभूत (कक्षा १-५) | साधारण |
| ६. | राष्ट्रिय आ.वि. चहका, कोरैया | २ | आधारभूत (कक्षा ६-८) | विज्ञान/गणित र सामाजिक |
| ७. | जनता आ.वि. कमलपुर | २ | आधारभूत (कक्षा ६-८) | नेपाली र अंग्रेजी |
| ८. | जनता आ.वि. भेडिया | २ | आधारभूत (कक्षा ६-८) | नेपाली र सामाजिक |
| ९. | जनता आ.वि. वीरनगर | १ | आधारभूत (कक्षा ६-८) | अंग्रेजी |
| १०. | जनता राष्ट्रिय आ.वि. श्रीपुर कुशहा जब्दी | २ | आधारभूत (कक्षा ६-८) | नेपाली र विज्ञान/गणित |
| ११. | राष्ट्रिय आ.वि. पोखरिया, बसानपट्टी | २ | आधारभूत (कक्षा ६-८) | नेपाली र सामाजिक |
| १२. | आ.वि. मलहनमा | १ | आधारभूत (कक्षा ६-८) | विज्ञान/गणित |
| १३. | मुसहरनिया आ.वि. समसेरपुर | २ | आधारभूत (कक्षा ६-८) | अंग्रेजी र विज्ञान/गणित |
| १४. | जनता आ.वि. प्रमाणपुर | २ | आधारभूत (कक्षा ६-८) | अंग्रेजी र विज्ञान/गणित |
| १५. | जनता मा.वि. खैजनपुर भज्जका | ३ | माध्यमिक (कक्षा ९-१०) | नेपाली, अंग्रेजी र विज्ञान/गणित |
| | **जम्मा** | २६ | आधारभूत (कक्षा १-५ र कक्षा ६-८) | |
| २०. | आधारभूत तह (कक्षा १-५) | ७ | साधारण | |
| २१. | आधारभूत तह (कक्षा ६-८) | १६ | नेपाली : ४, अंग्रेजी : ४, विज्ञान/गणित : ५, सामाजिक : ३, | |
| २२. | माध्यमिक तह (कक्षा ९-१०) | ३ | नेपाली : १, अंग्रेजी : १ र विज्ञान/गणित : १ | |